# विश्वविद्यालय अनुदान आयोग

**सानोठिमी, भक्तपुर**

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**(पहिलो पटक प्रकाशित मिति २०७४/०९/२०)**

उच्च शिक्षाको विकास, विस्तार र समग्र गुणस्तर अभिवृद्धि गर्न विद्यार्थीहरूलाई छात्रवृत्ति तथा अनुदान, अध्ययन अध्यापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सीप, दक्षता, क्षमता अभिवृद्धिका लागि पुनर्ताजगीकरण, अनुसन्धान विधि तालिम, विद्वत्वृत्ति, अनुसन्धान सहायता, सामुदायिक क्याम्पसहरूलाई सञ्चालन तथा विकास अनुदान लगायतका कार्यक्रमहरूद्वारा उच्च शैक्षिक संस्थाहरूको शैक्षिक, प्राज्ञिक र भौतिक क्षमता अभिवृद्धि गर्न आयोगले निम्नानुसारका कार्यक्रमहरु संचालन गर्ने हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरेको छ। सहयोग आवश्यक पर्ने सरोकारवालाहरुले तल उल्लेखित कार्यक्रमका लागि **आयोगको कार्यक्रम कार्यविधि-२०७४ मा तोके बमोजिमको ढाँचामा रही छुट्टाछुट्टै आवेदन र प्रस्ताव उल्लेखित समयसीमा भित्र रही पेश गर्नहुन सुचित गरिन्छ। कार्यक्रम कार्यविधि-२०७४** आयोगको वेब साइट www.ugcnepal.edu.np वा यस आयोगबाट प्राप्त गर्न सकिने छ।

| **१ संस्यागत विकास अनुदान - सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरुका लागि** | | | **आवेदन दर्ता गर्ने समयसीमा** |
|---|---|---|---|
| क. | नियमित अनुदान | • नियमित अनुदानका लागि क्याम्पसहरुले आवेदन दर्ता गर्नु पूर्व Online data अनिवार्य रुपमा भरेको हुनुपर्नेछ। यसका लागि ugc.nitc.gov.np:81 मा गई आयोगले पुराना क्याम्पसहरुलाई उपलब्ध गराइएको Username र Password प्रयोग गरि मागिएको तथ्याङ्क भर्नुपर्ने छ। Username र Password प्राप्त गर्न असमर्थ नयाँ क्याम्पसहरुले आयोगको अनुगमन तथा मुल्यांकन महाशाखामा तत्काल सम्पर्क गरी Username र Password प्राप्त गर्न अनुरोध गरिन्छ।<br>• नियमित अनुदान प्राप्त गर्नका लागि न्युनतम विद्यार्थी संख्या हिमाली र पहाडी जिल्लामा ५०, तराईका जिल्लामा ७५ र काठमाडौं उपत्यका भित्र १०० जना हुनुपर्ने छ। | प्रदेश ३ र ४ का लागि ०७४/०९/२० देखि २०७४/१०/१४ सम्म<br><br>प्रदेश १, २ र ५ का लागि २०७४/०९/२० देखि २०७४/१०/१९ सम्म<br><br>प्रदेश ६ र ७ का लागि २०७४/०९/२० देखि २०७४/१०/२४ सम्म |
| ख. | भौतिक सुविधा विकास अनुदान<br>• भवन निर्माण<br>• पुस्तक खरीद<br>• फर्निचर खरीद<br>• उपकरण खरीद | • भवन निर्माण अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या हिमाली, पहाडी र तराईका जिल्लामा ७५ र काठमाडौं उपत्यका भित्र १०० जना हुनुपर्ने छ।<br>• क्याम्पसले प्राथमिकताको आधारमा बढीमा २ वटा शीर्षकमा आवेदन दिन सक्ने छन्। | |
| ग. | विशेष अनुदान | औपचारिक रूपमा पठनपाठन सुरु भई दुई वर्ष पूरा गरेका र नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूले आवेदन दिन सक्नेछन्।। विशेष अनुदानका लागि न्युनतम विद्यार्थी संख्या हिमाली र पहाडी जिल्लामा ५०, तराईका जिल्लामा ७५ र काठमाडौं उपत्यका भित्र १०० जना हुनुपर्ने छ। | |

**२ गुणस्तर सुधार कार्यक्रम**

| | **अनुसन्धान सहायता कार्यक्रमहरु** |
|---|---|
| क. | विद्वत्वृत्ति - पीएच्.डी., एम्.फिल् |
| ख. | शोधग्रन्थ तयारीका लागि सहयोग - एम्.फिल् र स्नातकोत्तर तह |
| ग | अनुसन्धान प्रवर्द्धन - लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान, फ्याकल्टी अनुसन्धान अनुदान, सहकार्यात्मक अनुसन्धान अनुदान |
| घ. | अनुसन्धान व्यवस्थापन एकाई |
| | **छोटो अवधिका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु** |
| ङ. | पुनर्ताजगी तालिम, क्षमता विकासका तालिम, अनुसन्धान विधि तालिम, |
| च. | गोष्ठी/कार्यशाला/सम्मेलन/शैक्षिक संस्था उद्योगी-व्यवसायी सम्वाद - स्थानीय तथा राष्ट्रिय स्तरको |
| छ. | उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण |
| | **वर्षिक अन्य कार्यक्रमहरु (वर्षभरीनै आवेदन दिन सकिने कार्यक्रमहरु)** |
| ज. | पोस्टडक्टरल वृत्ति |
| झ. | विद्यावारिधिका लागि आंशिक सहयोग |
| ञ. | अपाङ्गता भएका विद्यार्थीलाई शोधग्रन्थ तयारीका लागि सहयोग |
| ट. | जर्नलमा लेख प्रकाशन सहयोग |
| ठ. | अनुसन्धानमूलक लेख प्रकाशन |
| ड. | रेफरीड जर्नल प्रकाशन गर्न सहयोग |
| ढ. | सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान |
| ण. | गोष्ठी/कार्यशाला/सम्मेलन - अन्तराष्ट्रिय स्तरको |
| त. | विशेष अध्ययन /अनुसन्धानका निमित्त सार्कमुलकमा भ्रमण |
| थ. | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको आशय-पत्र |

**आवेदन दर्ता गर्ने समयसीमा तथा थप जानकारीका लागि**

२०७४/०९/२० देखि २०७४/१०/२४ सम्म

**पुनश्च:** आवेदनका साथ पेश गर्नु पर्ने कागजात आयोगको **कार्यक्रम कार्यविधि - २०७४** को अनुसूचीमा दिइएको छ। अनुसन्धान सम्बन्धी आवेदनका हकमा 'अनुसन्धान विकास तथा नवप्रवर्तन कार्यक्रम कार्यान्वयन निर्देशिका - २०७४' बाट थप जानकारी लिन सकिने छ। म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन उपर कुनै कारवाही हुने छैन। झुटो विवरण पेश गरेमा आवेदन रद्द गरी भविष्यमा कुनैपनि अनुदान दिइने छैन। अनुदान दिने/नदिने व्यवस्था आयोगले निर्णय गरे बमोजिम हुने छ।

**थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्न सकिने छ :**

**विश्वविद्यालय अनुदान आयोग**
**सानोठिमी, भक्तपुर**
**फोन नं. ०१-६६३८५४८/४९/५०, फ्याक्स नं. - ६६३८५५२**
**वेवसाइट : www.ugcnepal.edu.np**
**इमेल : ugc@ugcnepal.edu.np**